# किस्पाङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बागमती प्रदेश

काहुले नुवाकोट

२०७३


प.सं.०७७/०७८

च.नं.

मिति: २०७७/१२/२९

**बिषय: घटना दर्ता शिविर सम्बन्धमा ।**

प्रस्तुत बिषयमा नेपाल सरकारले सन् २०२४ सम्ममा जन्म दर्ता शत-प्रतिशत पुर्याउने र अन्य घटना दर्तालाई उल्लेख्य वृद्धि गर्ने अन्तरराष्ट्रिय प्रतिबद्दता जाहेर गरेको सन्दर्भमा उक्त प्रतिबद्दता पुरा गराउनकालागि व्यक्तिगत घटना दर्तालाइ नागरिकको कर्तव्यको रुपमा स्थापित गराउदै घटना दर्ता लाइ व्यपाक रुपमा बिस्तार गर्ने उदेश्यले आगामी २०७८ सालको बैशाख १ गते देखि १६ गते सम्म राष्ट्रब्यापी रुपमा **"व्यक्तिगत घटना दर्ता अभियान"** संचालन गर्ने नेपाल सरकारको निर्णय अनुसार यस गाउँपालिकाको सम्पूर्ण वडामा तपसिलको मिति समय र स्थानमा घटना दर्ता शिबिर संचालन हुन लागेकोले घटना दर्ता गर्न छुटेका सम्पूर्ण नागरिकहरुमा आफ्नो नजिकको पायक पर्ने शिबिर स्थलमा आवश्यक कागजात सहित उपस्थित भई घटना दर्ता गराउनुहुन सुचित गरिन्छ ।

**<u>जन्म दर्ताको लागि संलग्न गर्नु पर्ने कागजात</u>**

- बाबु वा आमाको नागरिकताको प्रतिलिपि;
- स्वास्थ्य संस्था/अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रतिवेदन;
- घरमा जन्म भएको भए पछिल्लो खोप दिएको प्रमाण;
- अस्पताल वा खोपको प्रमाण नभएमा जन्म दर्ता गर्नु पर्ने व्यक्ति स्वयंलाई उपस्थित गराउने वा सम्बन्धित वडाबाट जन्म दर्ता गर्नु पर्ने व्यक्तिको जन्म प्रमाणित गरेको कागज;
- विदेशी भएमा बाबु, आमाको राहदानी प्रमाणपत्रको प्रतिलिपि तथा सम्बन्धित स्थानीय तहको वडामा बसोबास रहेको प्रमाण;
- भारतीय भएमा भारतीय नागरिक भनी पहिचान खुल्ने प्रमाण;
- बाबु वेपता वा ठेगाना थाहा नभएको भए सो सम्वन्धमा प्रहरीको पत्र ।

**<u>मृत्यु दर्ताको लागि संलग्न गर्नु पर्ने कागजातहरू</u>**

- मृतकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि (नागरिकता बनेको भएमा)
- सूचकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- विदेशी भएमा सूचक र मृतकको राहदानी, प्रवेशाज्ञा तथा निज त्यस वडामा बसोबास गरिरहेको प्रमाण

**बिबाह दर्ताको लागिसंलग्न गर्नु पर्ने कागजातहरु :**

- दुलाहा-दुलहीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि;
- कुनै एक जना विदेशमा रहेमा विदेश स्थित नेपाली राजदुतावासबाट प्रमाणित अधिकृत वारेसनामा;
- दुलाहा वा दुलही नभएमा अदालतवाट भएको नाता कायमको कागज;
- दुवै जनाको हालै खिचेको अटो साईजको फोटो ।

**सम्बन्ध विच्छेदको लागि संलग्न गर्नु पर्ने कागजात :**

- सूचकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- अदालतबाट सम्बन्ध विच्छेद भएको फैसालाको प्रतिलिपि

**<u>बसाइ सराइको लागि सूचना फाराम सँगै संलग्न गर्नु पर्ने कागजातहरू</u>**

# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बागमती प्रदेश
काहुले नुवाकोट
२०७३

प.सं.०७७/०७८ मिति: २०७७/१२/२९
च.नं.

**सामाजिक सुरक्षा लाभग्राही दर्ताको लागि आवश्यक कागजातहरु:**

१. सूचकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
२. लाभाग्राहिको हालै खिचेको अटो साईजको फोटो दुइ प्रति
३. निवेदन

**व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धि गुनासो लागि आवश्यक कागजातहरु:**

१. गुनासोकर्ताको नागरिकता वा परिचय खुल्ने अन्य परिचयपत्रको प्रतिलिपि
२. निवेदन

**तपसिल:**

| मिति | वडा नम्बर | स्थान | समय | कैफियत |
|---|---|---|---|---|
| २०७८/०१/२५ | ४ | साल्मे मा.बि. | बिहान १०:०० बजे देखि दिउसो ४ बजे सम्म | |
| २०७८/०१/२६ | ४ | ४ नं. वडा कार्यालय | | |
| २०७८/०१/२७ | ४ | नया बस्ति खोप केन्द्र | | |
| २०७८/०१/२८ | १ | १ नं. वडा कार्यालय | | |
| २०७८/०१/२९ | १ | नुचेत | | |
| २०७८/०१/३० | १ | भाल्चे बेसी | | |
| २०७८/०१/३१ | ३ | उपल्लोथोक | | |
| २०७८/०२/०१ | ३ | खुर्सानि | | |
| २०७८/०२/०२ | ३ | ३ नं. वडा कार्यालय | | |
| २०७८/०२/०३ | २ | कोल्चेत स्कुल, ताजि | | |
| २०७८/०२/०४ | २ | २ नं. वडा कार्यालय | | |
| २०७८/०२/०५ | २ | अम्बटे | | |
| २०७८/०२/०६ | ५ | ५ नं. वडा कार्यालय | | |
| २०७८/०२/०७ | ५ | अर्चेले मन्दिर | | |

**बोधार्थ:**

१. वडा कार्यालयहरु सबै: बैशाख १ देखि १६ सम्म गाउँपालिका बाट प्रचार सामाग्रीहरु लगि सम्पूर्ण संयन्त्रको प्रयोग गरि ब्यापक प्रचार प्रसार गर्नु गराउनु हुन |
२. वडा सचिव तथा जनप्रतिनिधिहरु सबै वडा : दर्ता शिविर अवधिभर शिविरमा अनिवार्य उपस्थित भइ सहयोग गरिदिनुहुन |

२०७७/१२/३०

खुम बहादुर घर्ति